# मानिसले न्यायको सामना गर्ने छ

Study Notes by Franklin

पिता परमेश्वर, आकास र पृथ्वी सृजनु हुने परमेश्वर उहाँको सृष्टिमाथि न्याय गर्न अधिकार छ। अनि उहाँ एकलै मात्र धार्मिक न्यायकर्ता हुनुहुन्छ। (भजनसंग्रह ७:११; २ तिमोथी ४:८)

**आदम र हब्बा** तिनीहरुको आनाज्ञाकारिता सगसगै सर्पसंग **न्यायकर्ता थिए।** (उत्पति ३:१३-१९)।

**सबै मानबजातीलाई जल प्रलयबाट न्याय गरिएको थियो।**
उत्पति ६:५ पृथ्वीमा **मानिसहरूको दुष्टता बढ़ी** भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो। (१३) यसकारण परमेश्वरले नोआलाई भन्नुभयो, “सबै मानिसहरूको अन्त्य गर्ने मैले अठोट गरेको छु, किनभने पृथ्वी तिनीहरूद्वारा उपद्रवले भरिएको छ। हेर, म तिनीहरूलाई पृथ्वीसमेत नाश गर्नेछु।

**तिनीहरुको अनैतिकताको कारणले गर्दा सदोम र गमोरालाई न्याय गरियो।**
उत्पति १९:२४-२५ तब परमप्रभुले सदोम र गमोरामाथि आकाशबाट **आगो र गन्धक** बर्साउनुभयो। (२५) यसरी उहाँले ती सहरहरू र जम्मै बैंसी र सहरहरूका सबै बासिन्दाहरू र जमिनमा उम्रेका सबै थोक सर्वनाश गरिदिनुभयो।

अनि जसरी १ कोरन्थी १०:११ भन्छ: यी कुराहरू तिनीहरूलाई **चेताउनी**को निम्ति भए तापनि ती **हाम्रै शिक्षा**को निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ।

हिब्रू १०:३०-३१ किनकि “प्रतिशोध लिने काम मेरो हो, प्रतिफल म **दिनेछु**” भन्नुहुनेलाई हामी चिन्छौं। यसो पनि भनिएको छ, “परमप्रभुले **आफ्ना मानिसहरूको इन्साफ गर्नुहुनेछ।**” (३१) जीवित परमेश्वरको हातमा पर्नु डरलाग्दो कुरो हो।

**आदरणीय** हाम्रो पिता परमेश्वरको **डर** र उहाँको लागि हाम्रो प्रेम, त्यसैकारण **हामीलाई** संगसंगै **चाहिन्छ र हुनैपर्छ,** जुन चाही हाम्रो जीवनलाई हामी जिउने जसरी, दुवैको जाच र निर्देसन गर्ने पर्छ । जो परमेश्वरको डर मन्दछन् तिनीहरुको लागि त्यहा धेरै आशिषहरु छन् (पृष्ट १५ हेर्नुहोस्)।

परमेश्वरको **आदरणीय डर**लाई प्राप्त गर्न जसरी नया नियममा **न्यायलाई** देखाइएको छ त्यसरीनै हामीले प्रस्टसंग बुझ्न आवश्यक छ ।

नया नियममा त्यहा पाचवटा बेग्ला बेग्लै न्यायहरु देखाइएको छ, अनि त्यो प्राप्तकर्ता, ठाउँ, र उदेश्य  जस्तै अलग छ। अझैपनि, तिनी सबैमा एउटा कुरा समान छ: **प्रभु येशू ख्रीष्ट न्यायकर्ता हुनुहुन्छ।**

यूहन्ना ५:२२ किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर **सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ,**

प्रेरित १७:३१ किनकि उहाँले **एक दिन तोकिदिनुभएको छ,** जुन दिन **उहाँले** आफूले नियुक्त गर्नुभएका एक जना **व्यक्ति**द्वारा धार्मिकतामा **संसारको इन्साफ गर्नुहुनेछ। उनलाई मृतकबाट जीवित पार्नुभएर** उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ।"

आदमदेखि अन्तिम मनिस यस पृथ्वीमा जन्मेका **सबैजना प्रभु येशू ख्रिस्टको अघि न्यायको लागि खडा हुनेछन्।**

**१. विश्वासीहरुको पापको न्याय**

यूहन्ना ५:२४ साँच्चै, म तिमीहरूलाई भन्दछु, त्यो समय आइरहेछ, र त्यो समय अहिले हो, जब मृतकहरूले परमेश्वरका पुत्रको सोर सुन्नेछन्, र सुन्नेहरू बाँच्नेछन्।

मानवजातिको इतिहासमा यो ठुलो समाचार हो।

पहिलो न्यायमा, विश्वासीहरुको **पाप**को **न्याय पहिलानै** क्रुसमाथि येशू ख्रिस्टमा भइसकियो। यसले प्रत्येक विश्वासीहरुको हृदयमा ठुलो राहत, कृतज्ञता, प्रसंशा अनि धन्यबादी उत्पन्न गराउछ।

**हाम्रो पापहरुको न्याय** क्रुसमाथि येशूख्रिस्टमा **भइसक्यो** र प्रत्येक विश्वासीहरु "मृत्युबाट जीवनमा कहिल्यै नफर्कने गरि रुपान्तरन भएको छ।" येशूले हाम्रो पापको लागि पूरा सजाय,चुकाउनु भयो, पापको ज्याला **मृत्यु** हो (रोमी ६:२३)। परमेश्वरले **उहाँको प्रेम** हामी प्रति देखाउनु भयो, जब हामी पापी थियौ, **येशू हाम्रो लागि मर्नु भयो** (रोमी ५:८)। साचो विश्वासी **कहिल्यै मर्ने छैन।**

यसकारण, अब ख्रीष्ट येशूमा भएकाहरूलाई **दण्डको आज्ञा छैन**। (κατακριμα- बाक्य, दोषी, वेवास्ता बिरुद्ध न्याय गर्न)(२) **पाप र मृत्यु**को व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ। (३) पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले **आफ्ना पुत्रलाई** पापमय शरीरको स्वरूपमा पापबलिझैँ पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, (४) यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं। रोमी ८:१-४

किनकि हामी **उहाँमा परमेश्वरको धार्मिकता बन्न** सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले **हाम्रा खातिर पाप बनाउनुभयो**। २ कोरन्थी ५:२१

त्यसैले **हामीलाई पाप र मृत्युबाट स्वतन्त्र** गरिएको छ।

- उहाँको मृत्युबाट हाम्रो लागि, येशू ख्रिस्टले हाम्रो पापको लागि पूरा सजाय चुकाउनु भयो,त्यसैकारणले विश्वासी, **आफ्नो पापबाट सधैभरि अलग गरिएको छ।** पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ, उहाँले **हाम्रा अपराधहरू** हामीबाट त्यत्तिकै टाढ़ा **हटाइदिनुभएको छ।** (भजनसंग्रह १०३:१२)
- विश्वासीको पापहरु **"पखालीएको छ"** र परमेश्वरले प्रतिज्ञा गर्नु भएको छ कि उहाँले हाम्रो पापहरु **संझनु हुनेछैन** । "म उही हुँ, जसले तेरा अपराधहरू

**मेरो आफ्नै खातिर** मेटिदिन्छ, र **तेरा पापहरूलाई सम्झँदैन।** (यशैया ४३:२५)

- हाम्रो परमेश्वरले हाम्रो पापको लागि दु:ख भोग्नु भयो, "धर्मीजन अधर्मी को लागी" कि हामी बच्न सक्ने छौ र **कहिल्यै न्याय भित्र** पापीको रुपमा **आउने छैन।** किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि **मर्नुभयो।** उहाँ शरीरमा मारिनुभयो– धर्मी जन अधर्मीहरूका निम्ति– तर आत्माद्वारा जीवित पारिनुभयो। (१ पत्रुस ३:१८)

- येशू हाम्रो लागी क्रुसमा श्रापित बन्नुभयो, र हामीलाई करारको श्रापबाट छुटकारा दिनुभयो। हाम्रा निम्ति सराप बनेर ख्रीष्टले **हामीलाई** व्यवस्थाको सरापबाट मोल तिरेर **छुटाउनुभयो,** किनकि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" भन्ने लेखिएको छ। गलाती ३:१३

- उहाँको बलिदानबाट **पापलाई हटाउन** येशू प्रकट हुनुभयो। नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दु:ख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा **पाप हटाउनलाई** उहाँ सधैँको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। हिब्रू ९:२६

- विश्वासीहरु न्यायमा आउने छैन किनभने उनको पापहरु **धोइएको छ अथवा शुद्दीकरण गरिएको छ।** पापको शुद्धि गर्नुभएपछि (हिब्रू १:३)

## २. विस्वासीहरुको आफ्नै न्याय

- १ कोरन्थी ११:३१-३२ तर हामी साँच्चै आफैले **आफैलाई जाँचेका छौं** भने हामी न्यायमा पर्नेछैनौं। **32** तर जब प्रभुले हाम्रो न्याय गर्नुहुन्छ, तब हामीलाई **ताड़ना** दिनुहुन्छ, ताकि संसारसँग हामी दोषी नठहरिऔं।

ताडनाको विचारले जहिले पनि निस्चित मात्रामा डर ल्याउछ जसले गर्दा हामीमा हाम्रो मार्गलाई सोच्न बनाउछ। परमेश्वरको बालकको रुपमा **हामी**

**हाम्रो** जीवनमा **पिताको ताडना घटाउन सक्छौ** यदि हामी चाडै र निरन्तर रुपले हामी **आफुलाई न्याय** गर्छौ भने।

> १ पत्रुस ४:१७ किनभने न्याय **परमेश्वरकै परिवार**बाट सुरु हुने समय आएको छ, र यदि यो हामीबाट सुरु हुन्छ भनेता परमेश्वरको सुसमाचार **नमान्नेहरू**को अन्त्य कस्तो होला**?**
> *ग्रीक शब्दमा "विश्वास नगर्नु, इछ्यापूर्ण अनि गल्ती।"

विश्वासीहरुको **आफ्नो न्याय** गर्नु भन्नाले हाम्रो जीवनमा न्याय गर्ने कुरा भन्दा **धेरै** हो। जब हामी आफुलाई न्याय गर्छौ, हाम्रो जीवनमा भएको राम्रो र नराम्रो उज्यालोमा आउछ; र हामी नराम्रोलाई पक्षताप **स्वीकार गर्ने छौ अनि यसलाई त्याग्ने छौ**

> १ यूहन्ना १:९ यदि हामीले आफ्ना पापहरू **स्वीकार** गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई **शुद्ध** पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।

> यशैया ५५:७ दुष्टले आफ्नो **बाटो** र अधर्मीले आफ्नो **विचार त्यागोस्,** र परमप्रभुतिर **फर्कोस्,** र उहाँले त्यसमाथि **कृपा** गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई **सित्तैँमा क्षमा** गर्नुहुनेछ।

- आफुलाई न्याय गर्नु भनेको थाहा गर्नु "मेरो पापमय स्वभावमा केही असल कुराले वास गर्दैन। जे असल छ, त्यो गर्ने इच्छा ममा छ, तर म त्यो पूरा गर्न सक्दिनँ।" रोमी ७:१८

- आफुलाई न्याय गर्नु भन्नाले "चिन्नु कि आफुलाई पहिला राख्नु र **त्यो आफ्नो पन** हाम्रो क्रुस उठाएर अनि येशूलाई पछ्याएर **मर्ने पर्छ।** तब उहाँले सबैलाई भन्नुभयो, "कोही मपछि आउने इच्छा गर्छ भने त्यसले **आफूलाई इन्कार गरोस्,** र दिनहुँ आफ्नो क्रूस बोकेर मेरो पछि लागोस्। (लूका९:२३)

- आफुलाई न्याय गर्नु भन्नाले **आफ्नो-जीवन**लाई येशूको-जीवनसंग प्रतिस्थापित गर्नु हो। येशू विश्वासीहरुको जीवन हुनुहुन्छ। गलाती २:२० येशू ममा वास गर्नुहुन्छ।

कलसी ३:४ येशू, जो हाम्रो जीवन हुनुहुन्छ।

- आफुलाई न्याय गर्नु भन्नाले **आफु केन्द्रित** अब उप्रान्त नहुनु हो, तर येशू केन्द्रित बन्नु हो, निरन्तर रुपमा उहाँको उपस्थितिको जागरुप हुनु हो।
  मत्ती २८:२० म तिमीहरुसंग सधै हुनेछु, आन्तिम समयसम्म
  हिब्रू १३:५ म तिमीहरुलाई कहिल्यै छोड्ने छैन न तिमीलाई त्याग्ने छु।

- आफुलाई न्याय गर्नु भन्नाले अब उप्रान्त **आफू नियन्त्रित** नहुनु हो, तर येशू नियन्त्रित हुनु हो। लूका ६:४६ प्रभु, प्रभु, किन मलाई बोलाउनु भयो, र मैले भनेको नगर्नुहोस्?

- आफुलाई न्याय गर्नु भन्नाले अब उप्रान्त आफु स्वयमलाई ठाउँ राखेर जिउनु होइन, तर अरुलाई आफुलाई भन्दा अझै राम्रो आदर दिनु हो। फिलीप्पी २:३ स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान।

- **हामीले आफ्नो न्याय गर्ने पर्छ र अरुहरुको होइन।**

यूहन्ना ८:७ तर जब तिनीहरूले उहाँलाई सोधी नै रहे, तब उहाँले खड़ा भएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमा **जो पापरहित छ,** त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस्।"

मत्ती ७:१-५ **"अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ।** (२) किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ। (३) "किन तिमी आफ्नो भाइको आँखामा भएको धूलोको कण देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढाचाहिँ थाहा पाउँदैनौ**?** (४)अथवा तिम्रो आफ्नै आँखामा मूढा छ भने कसरी तिमी तिम्रो भाइलाई भन्न

सक्छौ, 'मलाई तिम्रो आँखाबाट धूलोको कण निकाल्न देऊ।' (५) ए ढोंगी, पहिले आफ्नै आँखाबाट मूढ़ा निकाल, तब तिम्रो भाइको आँखाबाट धूलोको कण निकाल्नलाई तिमी सफासँग देख्न सक्नेछौ।

रोमी १४:४ अर्काको चाकरलाई इन्साफ गर्ने **तिमी को हौ?** त्यो त आफ्नै मालिकको सामु खड़ा हुन्छ वा पतित हुन्छ। त्यो खड़ा गराइनेछ, किनभने, त्यसका मालिकले त्यसलाई खड़ा गराउन सक्छ। . . . (१०) तिमी **किन** आफ्नो भाइको **इन्साफ गर्छौ?** अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ? किनभने **हामी सबै परमेश्वरका न्याय-आसनको सामने खड़ा हुनेछौं।** .

**3. विश्वासीहरुका कामहरुको न्याय**

२ कोरन्थी ५:१० किनकि हामी **सबै** ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा **हुनुपर्छ,** यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ।

विश्वासीहरुको कामहरु – जुनै पनि कुरा हामीले गरेका छौ **"येशूको न्याय सिहासन"** मा – त्यसको न्याय हुनेछ। *"येशूको न्याय सिहासन"* दुई पटक मात्र बाइबलमा पाइन्छ; तर धेरैचोटि उल्लेख भएको छ।

ध्यानपुर्वक अध्ययन गरिएको सन्दभले देखाउछ कि **विश्वासीहरु मात्र** *"येशूको न्याय सिहासन"* मा देखा पर्ने छन्। हाम्रो **कामहरुको** न्याय हुनेछ, **हाम्रो पापको होइन,** हामीले पहिलानै विश्वासीहरुको पापको न्याय क्रुसमाथि येशूमा देखिसकेका छौ, र **अब** त्यहा कुनै **दोषी छैनन्** (न्याय विरुद्ध, बाक्य) तिनीहरु जो येशू ख्रिस्ट**मा** छन्। रोमी ८:१

ठयाक्कै जब यो न्याय स्पष्ट नभएर स्थान लिनेछ। यो हुनसक्छ जब हामी यो संसारलाई शरीरको मृत्युबाट छोडेर जान्छौ अथवा मण्डलीलाई उठाइलगिने छ (१ थेसलोनिकी ४:१३-१८)।

- *येशूको न्याय सिहासनमा* बिस्ववासीहरु आफैले परमेश्वरलाई लेखा दिनु पर्नेछ। त्यसैले, हामीले आफ्नो कामहरुलाई हेर्नै पर्छ, र अरुको कामहरुको न्याय गर्नु हुदैन।

रोमी १४:१० तिमी **किन** आफ्नो भाइको इन्साफ गर्छौ**?** अथवा तिमी आफ्नो भाइलाई **किन** तुच्छ ठान्छौ**?** किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने खड़ा हुनेछौं।(१२) यसैले हामी हरेकले **परमेश्वरलाई आफ्नो लेखा दिनेछौं।**

१ कोरन्थी ४:५ यसकारण तोकिएको समयभन्दा अघि न्याय **नगर,** प्रभु **आउञ्जेल** पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ।

हे प्रभु **!** हाम्रो कामहरु मात्र प्रकाशमा ल्याउने छैन तर **हाम्रो उदेशयहरु** पनि, साचो कारणले जे हामी गर्छौं त्यो प्रकाशमा आउने छ। परमेश्वर हामी **के** गर्छौ त्यसमा मात्र चासो राख्नु हुन्न, तर **किन** हामी यो गर्छौं त्यसमा राख्नु हुन्छ। स्वार्थ अथवा नराम्रो कारणको लागि गरिएको राम्रो काम भनेको **कुनै मूल्य** मेरो लागि छैन।

- थाहा गर्न कि एकदिन हामी हाम्रो सबै कामहरुको सामना गर्ने छौ, "राम्रो र नराम्रो" अनि "**सबै लापरवाही शब्दको,** लेखा दिन" जागा रहेर आवश्यक **डरलाई** हाम्रो हृदयमा **रोकिराख्न**। म तिमीहरूलाई भन्दछु, **हरेक व्यर्थको कुरा** जो मानिसहरू बोल्दछन्, **न्यायको दिनमा** तिनीहरूले त्यसको **लेखा दिनुपर्नेछ**।' मत्ती १२:३६

- कोहि चाही सर्ममा पर्नेछ। १ यूहन्ना २:२८ साना बालकहरू, उहाँमा रहिरहो, ताकि उहाँ प्रकट हुनुहुँदा हामीमा हिम्मत होस्, र उहाँको आगमनमा उहाँको सामुन्ने हामीलाई शर्माउनु नपरोस्।

- कोहि चाहिँ घाटा भोग्ने छन्, **मुक्तिको घाटा होइन,** तर **प्रतिफलको नोक्सानी**। १ कोरन्थी ३:११-१५ किनकि जुन जग बसालिसकिएको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन।

(१२) यदि कुनै मानिसले यस जगमाथि सुन, चाँदी, बहुमूल्य पत्थर, काठ, घाँस वा पराल प्रयोग गरेर घर बनायो भने, (१३) **प्रत्येक मानिसको काम प्रकट हुनेछ,** किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ। त्यो आगोद्वारा प्रकट हुनेछ, र हरेकले कस्तो **काम** गरेको छ, सो आगोले जाँच गर्नेछ। (१४) यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले **इनाम पाउनेछ।** (१५) यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने **त्यसले नोक्सानी भोग्नुपर्नेछ,** तर **त्यो आफैचाहिँ** आगोबाट उम्केझैं **बाँच्नेछ।**

- हामी हाम्रो जीवन कसरी जिउनु पर्ने हो? यसकारण तिमीहरूको **बोली** र **व्यवहार** स्वतन्त्रताको व्यवस्थाबमोजिम **न्याय** पाउनेहरूका जस्तै होस्। याकूब २:१२

याकूब ५:९ भाइ हो, एउटाले अर्काको विरुद्धमा **गनगन** नगर, नत्रता तिमीहरू **दोषी ठहरिनेछौ।** हेर, **न्यायकर्ता** ढोकैमा हुनुहुन्छ।

- त्यसैले जे पनि हामी गर्छौं, परमेश्वरको महिमाको निम्ति गर। कलसी ३:१७ **कुरा वा काममा** जे-जे गर्छौं, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढाउँदै प्रभु येशूको नाउँमा गर।

## ४.पापीको महान सेतो सिहासनको न्याय

२ थेसलोनिकी २:८-१२ तब त्यस पापको मानिस प्रकट हुनेछ. . . . .(९) शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, **(१०)** र **नाश हुनेहरूलाई** छलमा पार्ने समस्त **दुष्टतासहित** आउनेछ, **किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे।** (११). . . . यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून्. . . . (१२) ताकि सत्यमाथि **विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्।**

यूहन्ना १२:४८ **मलाई इन्कार गर्ने** र **मेरा वाणी ग्रहण नगर्नेको** लागि एक जना न्यायाधीश छन्। **जो वचन मैले बोलें** त्यसैले **अन्त्यको दिनमा त्यसको न्याय** गर्नेछ।

**प्रेरित पत्रुस कहिलेकहि यो न्यायको बारेमा बोल्छन्।**
२ पत्रुस २:४ स्वर्गदूतहरूले पाप गर्दा परमेश्वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई **नरकमा** फालिदिनुभयो, र **न्यायका दिनसम्म**को निम्ति **पातालको अन्धकारमा** जकड़िराख्नुभयो।

२:९ यसरी भक्तलाई **परीक्षाबाट बचाउन** र **भक्तिहीनहरूलाई न्यायको दिनसम्म दण्डमा जकड़िराख्न प्रभु जान्नुहुन्छ**

२:१७ तिनीहरू पानी नभएका मुहानहरू हुन्, आँधीले उड़ाएका तुवाँला हुन्। तिनीहरूका निम्ति **पातालको अन्धकार साँचिएको छ।**

३:७ तर त्यही वचनले भक्तिहीन मानिसको **इन्साफ** र **विनाशका** दिनसम्मको लागि अहिलेको आकाश र पृथ्वी **आगोको निम्ति साँचिराखिएका छन्।**

३:१०-१५ तर **प्रभुको दिन** त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा **आकाशचाहिँ ठूलो** आवाजसाथ **बितिजानेछ,** तत्त्वहरू **आगोको रापले** पग्लिनेछन्, र **पृथ्वी** र त्यसमा भएका सबै थोक **भस्म हुनेछन्।** (११) यी सबै कुराहरू यसरी **पग्लन्छन्** भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा **तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ?** (१२) तिमीहरू **परमेश्वरको दिन** प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन **आकाशहरू जलेर भस्म हुनेछन्,** र **तत्त्वहरू आगोको रापमा पग्लनेछन्।** (१३) तर **उहाँको प्रतिज्ञा**बमोजिम **हामी** नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ। (१४) यसकारण प्रिय हो, **तिमीहरू यी कुराको प्रतीक्षा गर्नेहरू भएका** हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर।

प्रेरित यूहन्नाले पहिल्यै उसको प्रकाशमा यस न्यायलाई जब पत्मोश टापुमा भएको बेला देखिसक्यो। प्रकाश २०:११-१५

तब मैले एउटा **ठूलो सेतो सिंहासन** र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ

पाइएन। (१२) मैले ठूला र साना सबै **मृतक**हरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र **पुस्तकहरू** खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो **जीवनको पुस्तक** हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार **मृतकहरूको इन्साफ भयो।** (१३) समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आफ्नो-आफ्नो कामअनुसार **इन्साफ भयो।** (१४) मृत्यु र पाताल **अग्नि-कुण्डमा** फालिए। यो **अग्नि-कुण्ड दोस्रो मृत्यु हो।** (१५) **जसको नाउँ जीवनको पुस्तक**मा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो।

- हिब्रू ९:२७ जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, यदि कसैको नाम **जीवनको पुस्तक**मा पाइएको छैन भने उ मर्ने छ **दोस्रो मृत्यु** । मृत्यु भनेको अलग हो। पहिलो मृत्यु भनेको शरीरबाट अलग हुनु हो। दोस्रो मृत्यु भनेको पिता परमेश्वरबाट अलग हुनु हो। “उ एक पटक जन्मेको दुई पटक मर्ने छ र उ दुई चोटि जन्मेको एक पटक मर्नेछ।”

- कसको उपस्थितिमा पृथ्वी अनि आकाश भागे यो न्यायमा, पापी **मरेकाले** लुक्ने ठाउँहरु परमेश्वर येशू ख्रिष्ट **न्यायकर्ता**को अनुहारबाट खोज्ने छन्, तर त्याहाँ लुक्नको लागि ठाउँ छैन।

- यो न्यायमा, **मरेका**, ठुलो र सानो परमेस्वोरको अगी खडा हुनेछन्। तर ठुलोको महानताको कुनै महत्व हुनेछैन। तिनीहरु जसले विश्वास अनि येशूख्रिस्टलाई पाउनेहरु **मर्दैनन्!**

एफिसी २:१-५ तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा **मरेको** बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो। (२) यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौ। (३) तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका (आदमबाट जन्मका) लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं। (४) तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, (५)

यसकारण पापमा हामी मरेका भए तापनि उहाँले **हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो–** अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ।

- यो न्यायमा, **मरेका**हरुको **न्याय** जुन कुरा किताबमा **लेखिएको थियो** त्यो बाट हुनेछ, तिनीहरुहो **कार्यबाट अनि साथसाथै** यस अनुसार यदि जो **कोहीको नाम जीवनको पुस्तकमा लेखिएको** पाईएन भने
    - o याद गर्नुहोस **जब** विश्वासीहरुको नाम जीवनको पुस्तकमा लेखिएको हुन्छ: प्रकाश १३:८ र पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, **जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन।**

      लूका १०:२० तापनि दुष्टात्माहरू तिमीहरूको वशमा छन् भनेर रमाउने होइन, तर **तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ।"**

      एफिसी १:४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा **अघिबाटै** उहाँले **हामीलाई चुन्नुभयो।**

- यो न्यायमा, त्याहा छुटकारा हुनेछैन, कुनै माथिल्लो अदालत हुनेछैन जुनमा हराएकोले निवेदन दिन सक्छन्। तिनीहरु हरायो र सधैको लागि हराए; सबै अनन्ततामा, बिना आशा र सहानुभूती।

मत्ती १३:३७-४३ उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, **"असल बीउ छर्नेचाहिँ मानिसको पुत्र हो।** (३८) खेत संसार हो। **असल बीउचाहिँ राज्यको सन्तान हो,** र **सामा दुष्टको सन्तान हो।** (दुई धेरै विभिन्न प्रकार को मान्छे) (३९) सामा रोप्ने शत्रुचाहिँ **दियाबलस** हो। **फसलको समय**चाहिँ **युगको अन्त्य हो।** खेतालाहरू स्वर्गदूतहरू हुन्। "जसरी सामा उखेलेर आगोमा भस्म गरिन्छ, युगको अन्त्यमा पनि त्यस्तै हुनेछ। (४१) मानिसको पुत्रले आफ्ना दूतहरू पठाउनेछ, र पाप गर्न लाउने प्रत्येक थोक र दुष्ट काम गर्नेहरू सबैलाई तिनीहरूले उसको राज्यबाट बटुल्नेछन्, (४२) र उनीहरूलाई **आगोको भट्टीमा** फालिदिनेछन्। त्यहाँ

मानिसहरू **रुनेछन् र दाह्रा किट्नेछन्।** (४३) तब धर्मी जनहरू आफ्ना पिताको राज्यमा सूर्यजस्ता चम्किला हुनेछन्। जसको कान छ, त्यसले सुनोस्।

महान सेतो न्यायको सिहासनले हजार बर्ष येशूको राज्यलाई पछ्याउने छन्। प्रकाश २०:५ अनुसार विस्वासीहरु यो न्याय भन्दा हजार बर्ष अगी पुनरुत्थान हुनेछन्।

प्रकाश २०:४-६ तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका **गवाहीको** निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको **पूजा नगर्नेहरू** र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे। (५) **अरू मरेकाहरूचाहिँ** ती एक हजार वर्ष नबितुञ्जेल जीवित भएनन्। यो **पहिलो पुनरुत्थान हो।** (मृत्युबाट जीवीत भएर ख्रीष्टसित शासन गरेको) (६) **पहिलो पुनरुत्थानमा** सहभागी हुनेहरू धन्य र पवित्र हुन्। यिनीहरूलाई **दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन,** तर तिनीहरू परमेश्वर र ख्रीष्टका पूजाहारी भएर **उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन्।**

- जब हामी अध्ययन गर्छौं “अनि तिनीहरु जीवनमा आए र येशूसंगै बौरी उठे ” यसको मतलब यो होइनकि बिस्वासीहरु जुनै समयमा मरेका थिए। पावलले भनेको सम्झनुहोस्: उसग बिदा भएर ख्रीष्टको साथमा हुने इच्छा थियो (फिलीप्पी १:२३) र, शरिरबाट हराउनु अनि परमेश्वरसंग घरमा बस्नु (२ कोरन्थी ५:८) । उहाँलाई थाहा थियो कि मृत्युमा उहाँको आफ्नो आत्माले उहाँको सारिरलाई छोडेर जानेछ र परमेश्वरको उपस्थितिमा रहनेछ। बयान र तिनीहरु जीवनमा आएका थिए भन्नाने “शरिरको पुनरुत्थान” पावलले बर्णन गरेको जस्तै जनाउछ: यो प्राकृतिक शरिरमा देखिएको थियो, यो आत्मिकी सारिरमा देखापयो। (१कोरन्थी १५:४२-४४)

## ५. राष्ट्रहरुको न्याय

मानिसको हृदयले धेरै थाहा गर्छ कि त्यहा **न्याय हुनेछन्** । राजा दाउदले यसको लागि प्राथना गरे: भजनसंग्रह ९:१७-२० **दुष्टहरु**चाहिँ पातालमै फर्केर जानेछन्, सबै जातिहरू, जसले परमेश्वरलाई बिर्सन्छन्।(१९) हे परमप्रभु, उठ्नुहोस्, मानिस विजयी हुन नपाओस्। **जाति-जातिहरूको न्याय** तपाईंको सामुन्ने होस्।(२०) हे परमप्रभु, तिनीहरूलाई **भयभीत** तुल्याउनुहोस्। तिनीहरू त मानिस मात्र हुन् भनी जातिहरूले थाहा पाऊन्। सेला

- दाउदको रुवाइबाटको प्राथनाको **उत्तर मिल्नेछ।**
- राष्ट्रहरु (इथ्नोस) भनेको जातीय समुहहरु अथवा कुलहरु जसले "अन्याजाती" यहुदीबाट जनाउद छ।

मेरो बिचारमा, यो न्याय भनेको अर्को ठुलो सेतो सिहासनको न्यायको त्यो ठुलो दिनको विवरण हो। केहि विद्वानहरु भन्छन कि यो अर्को समयमा हुन्छ। म कुनै स्पष्ट प्रमाण फेला पौदिन जब यो हुन्छ तर यो अवश्य पनि सेतो सिहासनसंग ठीक हुन्छ।

ठिक समय लाई मध्य नजर गर्दै, सम्झनुहोस् येशूले जे भन्नुभयो: "तर त्यस दिन र घड़ीको विषयमा पिताबाहेक **कसैले जान्दैन**, न त स्वर्गका दूतहरूले, न पुत्रले। मत्ती २४:३६

मत्ती २५:३१-३६ "जब **मानिसको पुत्र** सारा स्वर्गदूतहरूसँग **आफ्नो महिमामा** आउनेछ, तब ऊ **आफ्नो महिमामय सिंहासनमा बस्नेछ।**

दानिएलले यो महिमामय घटनालाई देखेका थिए: दानिएल ७:९-१० जसै मैले हेरें, सिंहासनहरू बसालिए, र अति **प्राचीन** आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका **लुगा** हिउँजस्तै सेता थिए, उहाँको शिरको **केश** ऊनजस्तै सेतो थियो। उहाँको **सिंहासन**मा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका **चक्काहरू**मा दन्केको आगो थियो। (१०) उहाँको सामुबाट आइरहेको **आगोको** एउटा **नदी** बगिरहेको थियो। हजारौं हजारले उहाँको सेवा गर्थे; दश हजार गुणा दश हजार उहाँको सामु उभिएका थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र **पुस्तकहरू खोलिए।**

# अदभुत दृश्य!

सबै मानव जातिको न्याय भनेको **"मानिसको पुत्रमा"** समर्पित छ किनभने उहाँ आफैलाई नम्र बनाउनु भयो र हाम्रो स्वभाबलाई लिन झुक्नु भयो। उहाँले धार्मिक र पवित्र मनिसझैँ जीवन विना पाप जिउनु भयो र त्यसैले **उहाँ एकलै सही रुपमा र न्याय पुर्वक सबै मानवको न्याय गर्नुहुन्छ।**

पृथ्वीका राजाहरुले उनीहरुको सिहासनलाई अधिकाश बिस्तृत प्रदशन भब्य र महिमाका साथ लिएका छन्। तैपनि, जब **मानिसका पुत्र उहाँको महिमामा** सबै भब्य, वैभव, प्रतिभा, भब्यता अनि आरामका साथ आउने हुने छ, **टाढा माथिको** हुने छ **अनि टाढा जुनसुकै भन्दा पनि परको कि त्यो हामी कल्पना पनि गर्न सक्दैनौ।**

**परमेश्वर येशूख्रिस्ट उहाँको सबै स्वर्गदूतहरुसंग आउनु हुनेछन्, उहाँको महिमित उपस्थिति, उहाँको प्रधानताहरु, को हुन्:**

- **उहाँको चुनीएकाहरु जम्मा गर:**
मत्ती २४:३१ उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट **उसका चुनिएकाहरूलाई भेला** गर्नेछन्।

- **अनि सामालाई मुठो पार:**
मत्ती १३:४० "जसरी **सामा** उखेलेर **आगोमा भस्म गरिन्छ,** युगको अन्त्यमा पनि त्यस्तै हुनेछ।

- अनि त्यसपछि परमेश्वरले **चुनीएकाहरुको विश्वासलाई घोषणा गर्नुहुनेछ** र इन्कार गरिएका र तिनीहरु अविश्वासी जसले उहाँलाई इन्कार गरे:
लूका १२:८-९ "म तिमीहरूलाई भन्दछु, हरेक जसले **मलाई मानिसहरूका सामुन्ने स्वीकार गर्दछ,** त्यसलाई मानिसको पुत्रले पनि परमेश्वरका **दूतहरूका सामुन्ने स्वीकार गर्नेछ।** (९) तर जसले **मलाई** मानिसहरूका सामुन्ने **अस्वीकार गर्दछ, परमेश्वरका दूतहरूका सामुन्ने त्यो पनि अस्वीकृत हुनेछ।**

- **अनि उहाँले लाई आदरको स्थान दिनुहुने छ:**
  प्रकाश ३:२१-२२ जसले जित्छ, त्यसलाई म **मेरो सिंहासनमा मसित बस्न दिनेछु**, जसरी म आफैले पनि जितें, र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु। (२२) जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ।
  त्यसैले . . . येशू ख्रिषको लागि कतिको विशेष हुनुहुन्छ?

मत्ती २५:३१-४६ संग निरन्तरता "जब **मानिसको पुत्र** सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा **आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ।** (३२) र **उसको सामुन्ने सबै जातिहरू भेला** हुनेछन्, र जसरी गोठालाले भेड़ा र **बाख्रालाई छुट्ट्याउँछ,** त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। (३३) उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। (३४) "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, **'आओ,** मेरा पिताका **धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। . . . . .** (४१) "त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! **मबाट दूर होओ,** र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको **अनन्तको आगोमा** जाओ। . . . . . . (४६) "तब यिनीहरू **अनन्त दण्ड**को भागी हुनेछन्, तर धर्मी जनहरू **अनन्त जीवन**मा प्रवेश गर्नेछन्'।"

> मत्ती १६:२७ ले पनि यस घटनालाई बोल्दछ: किनकि **मानिसको पुत्र आफ्ना पिताको महिमामा** आफ्ना स्वर्गदूतहरूसँग आउनेछ, र त्यस बेला उसले हरेक मानिसलाई त्यसको कामअनुसार **प्रतिफल** दिनेछ।

- मत्ती २५:३२ र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले **तिनीहरूलाई** एउटालाई अर्काबाट अलग गर्नेछ।
  यूहन्ना १०:१४ "म **असल गोठालो हुँ, म आफ्ना भेड़ाहरूलाई चिन्छु,** अनि मेरा भेड़ाहरूले मलाई चिन्छन्।

  एकदमै राम्रो अविस्वासीहरु तिनीहरुसंग जोडिने छैनन्।

भजनसंग्रह १:४-६ दुष्टहरु त्यस्ता हुँदैनन्! तिनीहरू बतासले उड़ाएर लैजाने भुसजस्तै हुन्छन्। (५) यसकारण **दुष्टहरु न्यायको दिनमा टिक्नेछैनन्,** र पापीहरूले धर्मीहरूको सभामा स्थान पाउनेछैनन्।(६) किनकि परमप्रभुले धर्मीहरूको मार्गको रक्षा गर्नुहुन्छ, तर दुष्टहरुको मार्ग **नष्ट हुनेछ।**

- मलाकीले यो दिनलाई आउदै गरेको देखेका थिए: मलाकी ४:१-३ 1 "हेर, त्यो दिन आउँदैछ। त्यो **भट्टीझैँ दन्कनेछ।** सबै **हठी** र सबै **दुष्ट काम गर्नेहरू** ठुटाझैँ हुनेछन्, र त्यो आउने दिनले उनीहरूलाई आगोमा भस्म गर्नेछ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "त्यसले उनीहरूको एउटै जरा र एउटै हाँगा पनि छोड्नेछैन। 2 **तर मेरो नाउँको आदर गर्ने तिमीहरू**माथि चाहिँ धार्मिकताको सूर्य आफ्ना पखेटामा आरोग्यता लिएर उदाउनेछ। अनि गोठलाई छोड़ेर निस्केका बाछाजस्तै **तिमीहरू**चाहिँ बाहिर निस्कनेछौ। 3 तब तिमीहरूले दुष्टहरुलाई खुट्टाले कुल्चनेछौ। **जुन दिन म त्यो काम गर्छु,** त्यस दिन उनीहरू तिमीहरूका पैतालामुनि खरानीजस्तै हुनेछन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ( हेर्नुहोस् रोमी १६:२०)

- हो, धर्मिले अवश्य आशिष पाउने छ:
मत्ती २५:३४ "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, **'आओ,** मेरा पिताका **धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको** राज्यलाई अधिकार गर।

  हाम्रो पिताले हाम्रो लागि राज्य तयार पार्नु भएको छ . . .अनि हाम्रो लागि राज्य तयार पार्नुभएको छ। एफिसी १:४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले **हामीलाई चुन्नुभयो।**

**प्रकाशबाट मिल्दो जुल्दो पदहरु:**

- त्यो दिनको कठोर अनि अधर्मीको हृदयमा डर प्रकाश ६:१२-१७ जब उहाँले छैटौँ मोहोर तोड्नुभयो, तब मैले ठूलो भूकम्प भएको देखें। सूर्य भाङ्ग्राजस्तो कालो भयो, र पूर्णिमाको चन्द्रमा रगतजस्तै रातो भयो। (१३) अनि अञ्जीरको रूखलाई बतासले हल्लाउँदा नपाकेका फलहरू झरेझैँ आकाशका

ताराहरू पृथ्वीमा खसे। (१४) आकाशचाहिँ चर्मपत्रको मुट्ठो बेह्रिएझैँ लोप भयो, र हरेक टापू र पहाड तिनीहरूका आफ्ना-आफ्ना ठाउँबाट हटेर गए। (१५) तब **पृथ्वीका राजाहरू**, राजकुमारहरू, **जर्नेलहरू**, **धनीहरू**, **बलियाहरू**, **हरेक दास** र **स्वतन्त्र मानिस** पहाड़का गुफाहरू र चट्टानहरू हुँदो लुके। (१६) तिनीहरूले पहाड़हरू र चट्टानहरूलाई भने, "**हामीमाथि खस**, र सिंहासनमा विराजमान हुनुहुनेको मुहारबाट, र थुमाको क्रोधबाट **हामीलाई लुकाओ**, (१७) किनकि **उहाँहरूका क्रोधको ठूलो दिन** आएको छ, र यसको अगि को खड़ा हुन सक्छ?"

- प्रकाश ११:१७-१८ भन्न लागे, "हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, हामी तपाईंलाई धन्यवाद चढाउँछौं, जो हुनुहुन्छ र जो हुनुहुन्थ्यो, किनभने तपाईंले आफ्नो ठूलो सामर्थ्य हातमा लिनुभयो र **राज्य गर्न थाल्नुभयो।** (१८) जाति-**जातिहरू** क्रुद्ध भए, तर तपाईंको क्रोध प्रकट भयो। **मरेकाहरूका इन्साफ**को समय आयो, र तपाईंका **दासहरू** र अगमवक्ताहरू र सन्तहरूलाई र तपाईंका नाउँको **डर** मान्ने ठूला-सानाहरूलाई इनाम दिने समय, र पृथ्वीको विनाश गर्नेहरूलाई नाश गर्ने समय आयो।"

- आनन्द, शान्ति र धर्मीहरुको आराधना।

प्रकाश ७:९-१२ यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो **हरेक जाति**, **सबै कुलहरू**, **मानिसहरू** र **भाषा बोल्ने**बाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई **सिंहासन** र थुमाको सामुन्ने उभिरहेको मैले देखें। (१०) तिनीहरू उच्च सोरले कराए: "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।" (११) अनि सिंहासन, धर्म-गुरुहरू र चार जीवित प्राणीहरूका वरिपरि सबै स्वर्गदूतहरू उभिए, र तिनीहरू सिंहासनको सामुन्ने घोप्टो परी यसो भन्दै परमेश्वरलाई दण्डवत् गरे। (१२) "आमेन! हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, सम्मान, शक्ति र सामर्थ्य सदासर्वदा होस्। आमेन!" . . . .(१४) अनि मैले तिनलाई भने, "हजूर, तपाईं नै जान्नुहुन्छ।" तिनले मलाई भने, "यिनीहरू ती नै हुन्, जुनहरू महासङ्कष्टबाट आएका हुन्, र तिनीहरूले आफ्ना-आफ्ना पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका छन्। (१५) यसैकारण, "तिनीहरू परमेश्वरका सिंहासनको सामुन्ने छन्, र दिनरात उहाँको मन्दिरमा उहाँको सेवा गर्दछन्, र सिंहासनमा विराजमान हुनुहुनेले आफ्नै उपस्थितिले तिनीहरूलाई शरण दिनुहुनेछ। (१६) तिनीहरू कहिल्यै भोकाउने र

तिर्खाउनेछैनन्, सूर्यको राप अथवा कुनै प्रचण्ड ताप तिनीहरूमाथि पर्नेछैन, (१७) किनकि सिंहासनको बीचमा हुनुहुने थुमा तिनीहरूका गोठालो हुनुहुनेछ, र तिनीहरूलाई डोऱ्याएर जिउँदो पानीको स्रोतसम्म लानुहुनेछ, र परमेश्वरले तिनीहरूका आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ।"

- आराधनाको जोडमा भएको धर्मीको अर्को खण्ड

प्रकाश १५:२-४ आगोसँग मिसिएका काँचको समुद्रजस्तो मैले देखें। त्यहाँ पशु र त्यसको मूर्तिमाथि र त्यसका नाउँको संख्यामाथि विजय पाउनेहरू आफ्ना हातमा परमेश्वरको वीणा लिई त्यस काँचका समुद्रको किनारमा खड़ा थिए। (३) तिनीहरूले यसो भनेर परमेश्वरका दास मोशाको भजन र थुमाको भजन गाउँदैथिए, "हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्चर्यपूर्ण छन्, **युग-युगका महाराजा,** तपाईंका मार्ग धार्मिक र सत्य छन्। (४) हे परमप्रभु, तपाईंको डर कसले मान्दैन? र तपाईंका नाउँको महिमा कसले गर्दैन? किनकि तपाईं मात्र पवित्र हुनुहुन्छ। सबै **जातिले** आएर तपाईंलाई दण्डवत् गर्नेछन्, किनभने तपाईंका धार्मिक कार्यहरू प्रकट भएका छन्।"

- जब न्यायहरु समाप्त हुन्छ र उहाँको सबैजना भेला हुन्छन हामी थुमाको विवाहको भोजमा आनन्दित हुनेछौ ।

प्रकाश १९:१-१० (१) त्यसपछि मैले स्वर्गबाट एउटा **ठूलो भीड़**ले चर्को सोरमा यसो भनिरहेको जस्तो सुनें, "हल्लेलूयाह! मुक्ति, महिमा र शक्ति हाम्रा परमेश्वरका हुन्, (२) किनकि **उहाँका इन्साफ सत्य** र **न्यायसङ्गत** छन्। सारा पृथ्वीलाई आफ्नो व्यभिचारले भ्रष्ट पार्ने त्यस महा वेश्यालाई **उहाँले दण्ड दिनुभएको छ,** र उहाँका दासहरूका रगतको बदला लिइसक्नुभएको छ।" (३) तिनीहरूले फेरि एक पल्ट उच्च सोरले भने, "हल्लेलूयाह! त्यो महानगरी जलेको धूवाँ सदासर्वदा मास्तिर गइरहन्छ।" (४) अनि ती चौबीसै धर्म-गुरु र ती चार जीवित प्राणीहरूले घोप्टो परेर **सिंहासनमा विराजमान** हुनुभएको परमेश्वरलाई यसो भनेर दण्डवत् गरे, "आमेन, हल्लेलूयाह!" (५) तब सिंहासनबाट यसो भनिरहेको एउटा आवाज आयो, **"हाम्रा परमेश्वरको प्रशंसा गर, उहाँका सबै दास हो,** तिमीहरू साना र ठूला जसले **उहाँको भय मान्दछौ।"** (६) त्यसपछि एउटा ठूलो भीड़को सोरजस्तो मैले सुनें, उलंर्दो पानीहरूको आवाज र धेरै शक्तिशाली मेघ गर्जनको आवाजजस्तो

मैले सुनें, जसले यसो भनिरहेको थियो: "हल्लेलूयाह! किनकि परमप्रभु हाम्रा परमेश्वर सर्वशक्तिमान्ले राज्य गर्नुहुन्छ। (७) हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा दिऔं! किनकि **थुमाका विवाहको** दिन आएको छ, र **उहाँकी दुलही** स्वयम् तयार भएकी छिन्। (८) चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो।" चहकिलो मलमलको वस्त्र सन्तहरूका धार्मिक कार्य हुन्। (९) अनि ती स्वर्गदूतले मलाई भने, "यो लेख, थुमाका **विवाहको भोजमा** निमन्त्रणा **पाउनेहरू** धन्यका हुन्।" तिनले फेरि मलाई भने, "परमेश्वरका सत्य वचनहरू यी नै हुन्।"

## स्वीकृति:

नया नियमको इसाई जीवन; थोमस नेल्सन, पब्लिसर।
Matthew Henry’s Commentary

परमेश्वरको आशिषहरु तिनीहरुको लागि जो उहाँको भय मान्छन्।

भजनसंग्रह ३१:१९-२० तपाईंको भलाइ कति महान् छ, **जो तपाईंको भय मान्नेहरू**का निम्ति तपाईंले राख्नुभएको छ, जो तपाईंमा शरण पर्नेहरूलाई तपाईंले मानिसहरूका सामुन्ने दिनुभएको छ। (२०) तपाईंका उपस्थितिको सुरक्षित ठाउँमा तिनीहरूलाई मानिसका षड्यन्त्रबाट तपाईंले लुकाउनुहुन्छ। तपाईंले तिनीहरूलाई दोष लगाउने जिब्राहरूबाट आफ्नो वासस्थानमा सुरक्षित राख्नुहुन्छ।

भजनसंग्रह ३३:१८ तर परमप्रभुको दृष्टि **उहाँको भय मान्नेहरू**माथि छ, तिनीहरूमाथि जसको आशा उहाँको अचूक कृपामाथि छ,

भजनसंग्रह ३४:७ **परमेश्वरको भय** मान्नेहरूका चारैतिर परमप्रभुका स्वर्गदूतले सुरक्षाको घेरा लाउँछन्, र उहाँले तिनीहरूलाई छुटकारा दिनुहुन्छ।

भजनसंग्रह ८५:९ निश्चय नै **उहाँसँग भय** मान्नेहरूका नजिकै उहाँको उद्धार छ, र उहाँको महिमा हाम्रो देशमा वास गरोस्।

भजनसंग्रह ८६:११ हे परमप्रभु, मलाई तपाईंका मार्गको शिक्षा दिनुहोस्, र म तपाईंको सत्यतामा हिँड्नेछु। मलाई एकाग्र हृदय दिनुहोस्, र म **तपाईंका नाउँको भय मानूँ।**

भजनसंग्रह १०३:११ किनकि पृथ्वीबाट स्वर्ग जत्ति अग्लो छ, **उहाँका भय** मान्नेहरूमाथि उहाँको करुणा त्यत्तिकै महान् छ।

भजनसंग्रह १०३:१३ जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई टिठ्याउँछन्, त्यसरी नै **उहाँका भय** मान्नेहरूलाई परमप्रभुले टिठ्याउनुहुन्छ।

भजनसंग्रह १०३:१७ तर परमप्रभुको करुणा आफ्ना भक्तहरूमाथि र उहाँको धार्मिकता तिनीहरूका छोरा-नातिमाथि अनन्तदेखि अनन्तसम्म रहन्छ–

भजनसंग्रह १११:१० **परमप्रभुको भय** बुद्धिको सुरु हो, उहाँका आदेशहरू पालन गर्नेहरूको समझशक्ति ठीक हुन्छ, उहाँको प्रशंसा सधैँभरि रहिरहन्छ।

भजनसंग्रह ११५:११ तिमीहरू, **जो परमप्रभुको भय मान्छौ,** उहाँमा भरोसा राख: तिनीहरूका सहायक र ढाल उहाँ नै हुनुहुन्छ।

भजनसंग्रह ११५:१३ ठूला र साना दुवै **परमप्रभुका भय मान्नेहरू**लाई उहाँले आशीर्वाद दिनुहुनेछ।

भजनसंग्रह ११९:६३ **तपाईंको भय** मान्नेहरू र तपाईंका आदेश पालन गर्नेहरू सबैका म एक साथी हुँ।

भजनसंग्रह ११९:१२० **तपाईंको भयमा** मेरो शरीर काम्दछ, तपाईंका नियमहरूले म भयभीत हुन्छु। ऐयिन

भजनसंग्रह १४५:१९ **उहाँको भय** मान्नेहरू सबैका मनोरथ उहाँले पूरा गर्नुहुन्छ, उहाँले तिनीहरूको पुकार सुन्नुहुन्छ, र तिनीहरूलाई बचाउनुहुन्छ।

भजनसंग्रह १४७:११ तर परमप्रभु **उहाँको भय** मान्नेहरूसँग, र उहाँको अचूक कृपामाथि भरोसा राख्नेहरूसँग प्रसन्न हुनुहुन्छ।